आज मिति २०७७।०१।३१ गतेका दिन उच्च सरकारी वकील कार्यालय तुलसीपुरका कार्यालय प्रमुख एवं सहन्यायाधिवक्ता श्रीमान् मोहन सागर बस्यालज्यूको अध्यक्षतामा देहायका कर्मचारीहरुको उपस्थितिमा बैठक बसी देहायका प्रस्तावहरुमा छलफल गरी देहाय बमोजिमको निर्णय गरीयो ।

उपस्थिती

सहन्यायाधिवक्ता श्री मोहन सागर बस्याल
उपन्यायाधिवक्ता श्री चन्द्र बहादुर सिंजाली
सहायक न्यायाधिवक्ता श्री टिका कुमारी रोका (के.सी.)
नायब सुब्बा श्री वासु देव पन्थी
नायब सुब्बा श्री तेज कुमार पाण्डे
खरिदार श्री प्रविन प्रसाद
स.क.अ. श्री डिक्षा गुरुङ
ह.स.चा. श्री परशु नन्दन चौधरी
का.स. श्री महेश चौधरी
का.स. श्री विपिन वली
का.स. बुद्धिराम चौधरी
का.स. श्री रिता रिजाल

छलफलका लागि प्रस्तुत एजेण्डाहरु:-
१. कार्यसमिक्षा सम्बन्धमा ।
२. वार्षिक कार्ययोजना सम्बन्धमा ।

प्रस्ताव नं. १ मा छलफल गर्दा विगतका काम कारवाहीहरुको मासिक रुपमा छलफल गर्दै कार्यालयका कठीनाई एवं समस्याहरु उपर छलफल गरी समाधानका उपायहरु पहिल्याई कार्यान्वयन गर्दै कार्यालयको सेवा प्रवाहलाई अझ बढी चुस्त, दुरुस्त एवं प्रभावकारी बनाउन एवं कर्मचारीहरुले आफुलाई तोकिएको जिम्मेवारी निष्ठापूर्वक पुरा गर्ने गराउने निर्णय गरीयो ।

प्रस्ताव नं. २ मा छलफल गर्दा महान्यायाधिवक्ताको कार्यालयको तेस्रो पञ्चवर्षिय रणनीतिक योजना (२०७६।७७–२०८०।८१) मा उल्लेख भए बमोजिम सरकारी वकील कार्यालयहरुले प्रत्येक वर्षमा वार्षिक कार्ययोजना तयार गर्ने व्यवस्था अनुरुप आगामी आर्थिक वर्षमा यस कार्यालयबाट गरिने क्रियाकलाप हरुको विस्तृत कार्ययोजना र सूची सहितको मस्यौदा तयार गर्न उपन्यायाधिवक्ता श्री चन्द्र बहादुर सिंजालीको संयोजकत्वमा सहायक न्यायाधिवक्ता श्री टिका कुमारी रोका (के.सी.), ना.सु. वासु देव पन्थी, ना.सु. तेज कुमार पाण्डे, स.क.अ. डिक्षा गुरुङ समेतको कार्यदल गठन गरी कार्यदलको सदस्य-सचिवको जिम्मेवारीमा ना.सु. वासु देव पन्थी रहने एवं यस कार्यदलले ४५ दिनभित्र मस्यौदा तयार गरी श्रीमान् सहन्यायाधिवक्ताज्यू समक्ष पेश गर्ने साथै वहाँमार्फत जेठ महीनाको नियमित बैठकमा छलफलका लागि पालना गर्ने निर्णय गरीयो ।